# शम्भुनाथ नगरपालिका

## स्थानीय राजपत्र

शम्भुनाथ नगरपालिका कठौना, सप्तरीद्वारा प्रकाशित

(खण्ड-७) (संख्या-९) शम्भुनाथ, २०८१ साल बैशाख २३ गते

## भाग-२

### शम्भुनाथ मन्दिर व्यवस्थापन तथा संरक्षण निर्देशिका-२०८०

आज्ञाले

बिनय कुमार सोनु

प्रमुख प्रशासकीय अधिकृत

# शम्भुनाथ मन्दिर व्यवस्थापन तथा संरक्षण निर्देशिका, २०८०

**कार्यपालिकाबाट पारित मितिः २०८०/१२/०४**

**प्रमाणिकरण मितिः २०८१/०१/१७**

**१.पृष्ठभूमि :** शम्भुनाथ मन्दिर र आसपास क्षेत्रको ऐतिहासिक, धार्मिक, पर्यटकीय एवम् सांस्कृतिक महत्वलाई संरक्षण, सम्वर्धन र प्रवर्धन गर्दै शम्भुनाथ मन्दिरको नियमित सञ्चालन, व्यवस्थापन तथा समयानुकूल विकासका लागि शम्भुनाथ क्षेत्र प्रबन्ध समिति गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४)को खण्ड (ज) को कानुनी कर्तव्यसमेतलाई आधार मानी शम्भुनाथ नगर कार्यपालिकाले यो **शम्भुनाथ मन्दिर व्यवस्थापन तथा संरक्षण निर्देशिका, २०८०**जारि गरेको छ।

## परिच्छेद-१

## परिचय

**२. परिचय शम्भुनाथ मन्दिर :** मधेश प्रदेशको सप्तरी जिल्लाको मध्य भागमा रहेको महेन्द्र राजमार्गबाट करिब दुइ सय मिटर दक्षिणमा अवस्थित शम्भुनाथ मन्दिर सप्तरी जिल्लामा पर्ने प्रसिद्व मन्दिर मध्य एक हो । पौराणिक, ऐतिहासिक, सांस्कृतिक र धार्मिक दृष्टिकोणले महत्वपुर्ण रहेको यो मन्दिर इतिहास अनुसार १६ औं शताब्दिमा निर्माण गरिएको जानकारी हुन आउछ। यो मान्दिर सेना बंशी राजाहरुको राजदरबार रहेको चन्द्रभोगा गढी बाट ल्याएर स्थापित गरेको शिवलिङ्गको ५.५ फिट रहेको छ। मन्दिरको वर्तमान स्वरूप १९९० मा साविक कचनदाहा गाउँ विकास समिति का स्थानीय निवासी बुद्दमान गोइतले निर्माण गराउन आरम्भ गरेको भएता पनि उनको प्रयास असफल भएपछी



त्यसको केहि समयमा स्थानीय कचनदाहा निवासी हसन दासको नेतृत्वमा निर्माण सम्पन्न भएको इतिहास छ । महेन्द्र राजमार्गमा पर्ने रुपनी बजार र कठौना बजारको मध्य भागमा अवस्थित यो मन्दिरले अर्जेको जग्गा करिब ३ बिगाहा हुन आउछ ।

इतिहासकारहरुको भनाइ अनुसार महेन्द्र राजमार्गबाट उत्तरमा रहेको चुरे क्षेत्रमा सेन वंशी राजाहरुको दरवार रहेको र त्यहा सेन वंशी राजा हरुले चंद्रभोगा नाम गरेको देवीको मन्दिर स्थापना गरेर नित्य पुजा आराधना गर्ने गरेको इतिहास पाईन्छ । अहिले पनि सो चंद्रभोगा मन्दिरको अवशेस चुरे क्षेत्रमा देख्न पाईन्छ । सोहि चन्द्रभोग मन्दिरबाट ल्याइएको कलात्मक ढुंगा र शिलालेखहरु हालको शम्भुनाथ मन्दिरको प्रांगणमा देख्न पाईन्छ । त्यस समय सेनवंशी राजाहरुले चुरे क्षेत्रलाइ शितकालिन राजधानीको रुपमा उपयोग गरेको इतिहास पाईन्छ । त्यस समयको सेनवंशी राजा चन्द्ररेतुले त्यस दरवारबाट शासन चलाउने गरेको इतिहास पाईन्छ । चन्द्ररेतु राजाले हालको धरमपुरबाट ५ कि.मि उत्तर पुर्वमा स्थापना गरेको आफ्नो कुल देखि चन्द्रभोगाको एक स्तम्भको रुपमा शम्भुनाथ बाबाको स्थापना गरेको भन्ने इतिहासले देखाउदछ । हाल यस शम्भुनाथ मन्दिर रहेको प्राङ्गणमा र त्यस बाहिर धेरै धर्मशाला र मन्दिरहरु निर्माण भएका छन । जसका नाम छन :

**क) धर्मशाला :** शम्भुनाथ मन्दिरको प्रांगण भित्र मुख्य मन्दिरको दाया भागमा एउटा लामो धर्मशाला रहेको छ । जसमा ३ वटा कोठाहरु पंचायत कालमा निर्माण भएको र त्यसपछि २०७१ सालमा जनकपुर पर्यटन कार्यालयले एक कोठा थप गरेको र स्थानीय मिझिलाल शाहले आफ्नी श्रीमती स्वर्गीय राजकुमारी शाहको सम्झनामा एक कोठा थप गरेको र शम्भुनाथ नगरपालिकाले हालैमा त्यस संगै जोडेर अर्को कोठा र बरण्डा थप गरेको छ । जसमा मन्दिरको कार्यालय, पुजारी निवास र नवनिर्मित भवनमा नेपाल प्रहरीको टोलि बसोबास गरिरहेको पाइयो ।





**ख) सहलेश विवाह मण्डप :** मुख्य मन्दिरको ठिक अगाडी दाया भागमा यो मण्डप रहेको छ। यो विवाह मण्डपको निर्माण संसदीय विकास कोषको रकम प्रयोग गरेर संसाद रामप्रित पासवानले निर्माण सहजीकरण गर्नु भएको पाइयो।

**ग) रामजानकी मन्दिर :** शम्भुनाथ बाबाको मुख्य मन्दिरको ठिक अगाडी राम जानकी मन्दिर रहेको छ। यो मन्दिर २०६९-०२-१७ गते शिलान्यास भएर २०७१-०१-२९ गते मुर्ति स्थापना गरि पुजापाठको लागि खुल्ला गरिएको छ। यो मन्दिर बहुलाल चौधरीले स्थापना गर्न सहजीकरण गरेको पाइयो।



**घ) पार्वती देवी  मन्दिर :**स्थानीय वासी ओम प्रकास साह र जय प्रकास साहको सहजीकरण मा २०६१-११-२५ गते यस मन्दिरको स्थापना भएको देखिन्छ।



**ङ) दिनाभद्री मन्दिर :** स्थानीय सदा समुदायले आफ्नो कुल दिनाभद्रीको नित्य पुजा आराधना गर्न यो मन्दिरको स्थापना गरेको पाइयो। परापुर्व कालदेखि यो ठाउँमा सदा समुदायले पत्थरमा पुजाआजा गर्दै आएको यस स्थानमा मन्दिर स्थापना भएपनि पूर्ण रुपमा निर्माण सम्पन्न नभएको पाइयो।



**च) बजरंग बलि मन्दिर :** शम्भुनाथ मन्दिरको अगाडी वाया पट्टि हनुमानजी को मन्दिर स्थापना गरिएको छ। यहा हरेक मंगलबार भजन किर्तन हुने गरेको पाइयो। स्थानीय रतिलाल मण्डलले २०६२-०१-१५ मा यो मन्दिरको स्थापना गरेका थिए।



**छ) राधा कृष्ण मन्दिर :** स्थानीय वासी स्व. डा. विश्वनाथ सिंह ले २०७४/१०/२१ मा यस मन्दिरको स्थापना गरेको पाइयो। यस मन्दिरमा नित्य पुजा आराधाना हुने गरेको पाइयो।



## परिच्छेद-२

## प्रारम्भिक

**२. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम **"शम्भुनाथ मन्दिर व्यवस्थापन तथा संरक्षण निर्देशिका, २०८०"** रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**३. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) **'अध्यक्ष'** भन्नाले दफा ३ बमोजिम गठित प्रबन्ध समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) **'कार्यक्षेत्र'** भन्नाले शम्भुनाथ मन्दिरको नाममा दर्ता रहेको वा भोग स्वामित्व रही प्रबन्ध समितिको क्षेत्राधिकार भित्र पर्ने कार्यक्षेत्र सम्झनुपर्छ ।

(ग) **'पुजारी'** भन्नाले शम्भुनाथ मन्दिर र शम्भुनाथ मन्दिर क्षेत्र परिसरभित्र रहेका मठ मन्दिरहरूमा दैनिक नित्य पूजा आराधना गर्न समितिले नियुक्त गरेको नित्य पुजारी सम्झनुपर्छ ।

(घ)**'नगरपालिका'** भन्नाले शम्भुनाथ नगरपालिका सम्झनुपर्छ ।

(ङ)**'शम्भुनाथ क्षेत्र'** भन्नाले ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रका रूपमा प्रसिद्धि प्राप्त गरेको शम्भुनाथ मन्दिर, आसपासका देवालय, शिवालय, मठमन्दिर, मूर्ति, शिलापत्र समेतका भौतिक संरचना, यसको परिसर र धार्मिक क्षेत्र सम्झनुपर्छ ।

(च) **'सदस्य सचिव'** भन्नाले दफा ३ बमोजिम गठित प्रबन्ध समितिको सदस्य सचिव सम्झनुपर्छ ।

(छ) **'समिति'** भन्नाले दफा ३ बमोजिम गठित प्रबन्ध समिति सम्झनुपर्छ ।

## परिच्छेद –३

## निर्देशिकाको उदेश्य

**४. शम्भुनाथ बाबा मन्दिरको सुरक्षा र नित्य पुजा आजा र आरति गराउने :**

क) शम्भुनाथ बाबा मन्दिरको भौतिक सामाग्रीको सुरक्षा गर्ने ।

ख) पुजा, आरति र मेला हरुको सुरक्षित आयोजना गर्ने ।

**५. अतिक्रमण रोक्ने :**

क) मन्दिर प्रांगण भित्र अव्यवस्थित तरिकाले संरचना बनाउन नदिने त्यस्तै गरि शम्भुनाथ बाबा मन्दिर भित्र समेटिएका पोखरी र जग्गाहरुमा अतिक्रमणहरु नदिने।

ख) अतिक्रमण रोक्न क्षेत्रफ़ल छुट्याएर सिमांकन गरि स्थायी घेरा वारा गर्ने।

**६. शम्भुनाथ बाबाको क्षेत्राधिकारको आधुनिक विकास गर्ने :**

क) गुरुयोजना निर्माण गरि सो अनुसार मन्दिरहरु निर्माण गर्ने,

## परिच्छेद–४

## व्यवस्थापन समितिको गठन, बैठक र अधिकार सम्बन्धी व्यवस्था

**३. व्यवस्थापन समितिको गठन :** (१) शम्भुनाथ मन्दिरको व्यवस्थापन तथा सञ्चालन गर्न शम्भुनाथ क्षेत्र व्यवस्थापन समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन :

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको वडा नम्वर ३ को वडा अध्यक्ष | अध्यक्ष |
| (ख) | नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य – १ जना | सदस्य |
| (ग) | वडा अध्यक्षले तोकेको वडा सदस्य मध्ये – २ जना | सदस्य |
| (घ) | प्रमुख, इलाका प्रहरी कार्यालय एकजना | सदस्य |
| (ङ) | मुलपुजारी एकजना | सदस्य |
| (च) | सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

(३) समितिले आवश्यक देखेमा कुनै व्यक्ति वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

निजहरू अर्को एक पदावधिका लागि पुनः नियुक्त हुन सक्नेछन्।

**४. समितिको बैठकसम्बन्धी व्यवस्था :** (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा चौबिस घण्टा अगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकबाट भएका निर्णयहरू अध्यावधिक गरी राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सदस्य सचिवको जिम्मामा रहनेछ ।

(७) समितिको निर्णय सो समितिको अध्यक्ष र सदस्य सचिवले संयुक्त रूपमा प्रमाणित गर्नेछन् ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तथा निर्देशिका समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका तथा अन्य सम्वद्ध निकायहरूसँग समन्वय गरी शम्भुनाथ मन्दिर परिसर भित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूको समग्र भौतिक विकास सम्बन्धी गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, नगरपालिकासँग परामर्श गरी स्वीकृत गर्ने,

(ग) दैनिक नित्य पुजा सञ्चालन गर्ने, गराउने तथा मुल पुजारी र पुजारीहरूको सुविधा तोक्ने र तोकेको सुविधा उपलब्ध गराउने ।

(घ) भक्तजनहरूबाट चढाईएका भेटी सङ्कलन गरि दैनिक रूपमा समितिको खातामा जम्मा गर्ने, नित्य पूजा सञ्चालनमा हुने खर्च तथा आम्दानीका हरहिसाब दुरुस्त राख्ने तथा राख्न लगाउने, फूलपाती तथा नैवेद्यहरूका आवश्यक व्यवस्थापन गर्ने,

(ङ) सांस्कृतिक जात्रा पर्वलाई सहयोग गर्ने तथा आवश्यक व्यवस्था मिलाउने।

(च) शम्भुनाथ क्षेत्रभित्र रहेका देवालय, शिवालय, मठ, मन्दिर, सत्तल, पाटी पौवा, धर्मशाला जस्ता ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण, जीर्णोद्धार, पुर्वाधार संरचनाहरूको निर्माण एवम् दिगो व्यवस्थापन गर्ने,

(छ) परम्परा देखि चली आएका रीतिरिवाज, धार्मिक परम्परा एवम् आस्थालाई जगेर्ना गर्दै दैनिक पुजा, गुठी व्यवस्था, जात्रापर्व सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ज) कार्य क्षेत्रभित्र पर्ने पसल, पाटी, पार्किङ, शौचालय आदि भाडामा लगाउन शुल्क निर्धारण गर्ने, त्यस्तो शुल्क उठाई समितिको खातामा जम्मा गर्ने,

(झ) कार्य क्षेत्रमा भएका मूर्ति, शिलापत्र तथा अन्य महत्वपुर्ण वस्तुहरूको लगत राख्ने र तिनीहरूको आवश्यक सुरक्षाको प्रबन्ध मिलाउने,

(ञ) आफ्नो कार्यक्षेत्रमा रहेका मन्दिर एवम् देवी देवतासँग सम्बन्धित सबै प्रकारका घर जग्गा, मठ मन्दिर, देवालय, सत्तल, पाटी, पौवा, ढुङ्गेधारा, घाट, बगैँचा आदिको संरक्षणको व्यवस्था मिलाउने,

(ट) कार्य क्षेत्रभित्रका मठ मन्दिर, सत्तल, पाटी, पौवा, देवदेवीसँग सम्बन्धित जग्गाको क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने, त्यस्तो जग्गाको उपभोग र उपयोगको आधारमा समय समयमा कुत, रैतान - ठेक्का, भाडा वा जिन्सी वा नगदी महसुल निर्धारण गर्ने,

(ठ)शम्भुनाथ बाबा मन्दिर परिसरको दैनिक पुछपाछ तथा सरसफाइ गर्ने/गराउने,

(ड) मन्दिर नियमित रूपमा खोल्ने र बन्द गर्ने व्यवस्था मिलाउने,

(ढ) पुजारीहरूको काम, कर्तव्य र अधिकार तोक्ने तथा अन्य कामदार, सुरक्षाकर्मी तथा अन्य कर्मचारीहरूको दैनिक काम कारबाहीको अनुगमन तथा मुल्याङ्कन गर्ने र आवश्यक निर्देशन दिने,

(ण) समितिको नाममा पायक पर्ने बैँकमा खाता खोल्ने र सञ्चालन गर्ने,

(त) प्रत्येक आर्थिक वर्षमा हुने आम्दानीका आधारमा कार्यक्रम तर्जुमा गर्ने, नियमानुसार लेखा परीक्षण गराई आम्दानी खर्च, चल अचल सम्पत्तिको स्रेस्ता दुरुस्त राखी नगरपालिकामा पेस गर्ने,

(थ) अन्य आवश्यक कार्यहरू गर्ने/गराउने।

(२) उपदफा (१) मा लेखिएका काम, कर्तव्य र अधिकार बाहेकका कुनै विषयमा तत्काल कार्य गर्नुपर्ने भएमा समितिको सिफारिसमा नगरपालिकाले गरेको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद – ५

## संरक्षण समितिको गठन, अधिकार र वैठक सम्बन्धि व्यवस्था

**६. संरक्षण समितिको गठन :**(१) शम्भुनाथ मन्दिरको संरक्षण गर्न शम्भुनाथ क्षेत्र संरक्षण समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन :

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगरपालिका उपप्रमुख | सदस्य |
| (ग) | नगरपालिकाको वडा नम्वर ३ को वडा अध्यक्ष | सदस्य |
| (घ) | नगर प्रमुखले मनोनित गरेको कार्यपालिका सदस्य | सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(३) समितिले आवश्यक देखेमा कुनै व्यक्ति वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**४. समितिको बैठकसम्बन्धी व्यवस्था :** (१) समितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा चौबिस घण्टा अगावै सदस्यहरूलाई दिनुपर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफुमध्ये बाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकबाट भएका निर्णयहरू अध्यावधिक गरी राख्नु पर्नेछ। समितिको निर्णय पुस्तिका सदस्य सचिवको जिम्मामा रहनेछ।

(७) समितिको निर्णय सो समितिको अध्यक्ष र सदस्य सचिवले संयुक्त रूपमा प्रमाणित गर्नेछन्।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तथा निर्देशिका समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५. समितिको काम, कर्तव्य र अधिकार :**(१) शम्भुनाथ मन्दिरको जग्गाको संरक्षण गर्ने।

(२) शम्भुनाथ मन्दिरको जग्गा भित्र बनेको अनाधिकृत संरचनालाइ हटाउने।

(३) पुरात्वतिक सम्पदाहरुलाई संरक्षण गर्ने।

(४) शम्भुनाथ मन्दिर भित्र रहेको पाटि तथा मन्दिरहरुको संरक्षण गर्ने।

(५) शम्भुनाथ मन्दिर भित्र रहेको मुर्तिहरुको संरक्षण गर्ने।

## परिच्छेद–५

## पदाधिकारी तथा कर्मचारी सम्बन्धी व्यवस्था

**६.अध्यक्षको काम, कर्तव्य र अधिकार :** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैठकको अध्यक्षता गर्ने र निर्णय प्रमाणित गर्ने,

(ख) समितिको बैठक बोलाउने,

(ग) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा निर्णायक मत दिने,

(घ) समितिको बैठक बस्न नसकेको अवस्थामा सदस्य सचिव मार्फत पेस भएका निवेदन उपर आवश्यक निर्णय गरी समर्थनका लागी समितिमा पेस गर्ने।

**७.सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** (१) समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि समितिले सदस्य सचिव तोक्नेछ।

(२) सदस्य सचिवले देहायका कार्यहरू गर्नुपर्नेछ :

(क) समितिको निर्णय प्रमाणित गर्ने तथा समितिबाट भएको निर्णय कार्यान्वयन गर्ने/गराउने,

(ख) समितिको निर्णय र प्रचलित कानुन बमोजिम खरिद कार्य गर्ने/गराउने,

(ग) हिसाब किताबको अभिलेख दुरुस्त राख्ने,

(घ) शम्भुनाथ क्षेत्रभित्र रहेका मूर्ति, शिलापत्र तथा अन्य महत्वपूर्ण वस्तुहरूको सुरक्षा प्रबन्ध मिलाउने,

(ङ) मन्दिर परिसरको दैनिक सरसफाइ गर्ने तथा फोहोरमैलाको उचित प्रबन्ध मिलाउने,

(च) मन्दिर परिसरको शान्ति तथा सुरक्षाको उचित प्रबन्ध मिलाउने,

(छ) नगरपालिकाबाट तोकि दिएका अन्य कार्यहरू गर्ने/गराउने,

**१०. जनशक्तिसम्बन्धी व्यवस्था :** (१) समितिको काम सुचारु रूपले सञ्चालन गर्नको लागि निम्न बमोजिम आवश्यक सङ्ख्यामा कामदार, सुरक्षाकर्मी र अन्य कर्मचारीहरू करार वा ज्यालादारी सेवामा नियुक्त गर्न सकिनेछ।

| | | |
|---|---|---|
| १. मुल पुजारी | – | १ |
| २. सहायक पुजारी | – | १ |
| ३. सरसफाईकर्मी | – | २ |
| ४. मेस्तर | – | १ |

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका सर्तहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) समितिले आवश्यकता अनुसार कर्मचारीहरुको नियूक्ति गर्न सक्नेछ।

**११. मुल पुजारीको काम कर्तव्य र अधिकार :**

१. मन्दिर परिसर भित्रको रेखदेख तथा साफ सफाईको जिम्मा लगाउने

२. मन्दिर भित्र गर्नु पर्ने नित्य कर्म तथा पुजा आजा गर्ने

३. मन्दिरमा आउने भक्तजनहरुलाई पुजाआजा गराईदिने

४. दक्षिणा तथा भेटिको रेखदेख गर्ने

**१२. सहायक पुजारीको काम कर्तव्य र अधिकार**

१. मन्दिर भित्र आउने भक्तजनहरुलाई सहयोग गर्ने

२. मुल पुजारीले आदेशको पालना गर्ने,

३. मन्दिर भित्रको सरसफाईमा विशेष ध्यान दिने,

४. परेवाको आहारा व्यवस्थापन गर्ने,

**१३. सरसफाई कर्मीको काम, कर्तव्य र अधिकार**

१. मन्दिर परिसर भित्र रहेको मन्दिरहरुको सरसफाई गर्ने,

२. पुजारी तथा मूल पुजारीले भनेको हर कुराको पालना गर्ने,

३. मन्दिरको प्रांगण तथा बाहिरि भागमा पनि साफ सफाई गर्ने,

## परिच्छेद–६

## कोषसंचालन तथा परिचालन

**१४. कोषको स्थापना :** (१)शम्भुनाथ मन्दिरबाट प्राप्त आम्दानी शम्भुनाथ नगरकार्यपालिकामा एउटा छुट्टै कोष संचालन गरि जम्मा गरिनेछ।

(२) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

(३) शम्भुनाथ मन्दिरबाट प्राप्त आम्दानिको जिम्मा सदस्य-सचिवको हुनेछ। निजले उक्त प्राप्त आम्दानि न.पा मा रहेको कोषमा दाखिला गर्नुपर्ने छ।

(४) सदस्य-सचिवः सम्बन्धित वडाको वडा सचिव रहने छ।

**१५. कोष अविछिन्न उतराधिकारवाला संस्था हुने :**(१) कोष अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्था हुनेछ।

(२) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा आवश्यकता अनुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(५) कोषले व्यक्ति सरह नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

**१६. संरक्षक :**नगरपालिकाको प्रमुख यस कोषको संरक्षक हुनेछ।

**१७.कोषको उद्देश्य :**(१) कोषको उद्देश्य देहाय बमोजिम हुनेछ :

१. शम्भुनाथ मन्दिर परिसर पवित्र शम्भुनाथ बाबा, राम जानकी मन्दिर, हनुमान मन्दिर, पार्वती देवी मन्दिर, राधा कृष्ण मन्दिर को धार्मिक तीर्थ स्थल भएकोले सोही बमोजिम गर्ने।

२. शगम्भुनाथ क्षेत्रको आदर्श, महिमा एवं महत्व अनुरुप शम्भुनाथ बाबा क्षेत्रको योजनावद्ध रुपमा सुरक्षा संभार तथा विकास गर्ने।

३. शम्भुनाथ बाबा क्षेत्रको, प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरु शम्भुनाथका चल अचल सम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार संरक्षण र सम्वर्धन गर्ने।

४. शम्भुनाथ मन्दिर लगायत शम्भुनाथ क्षेत्रभित्र रहेका सबै मठ मन्दिरहरुमा परम्परागत रितिस्थिति बमोजिम पूजाआजा, साँस्कृतिक चाडपर्व, महोत्सव, उत्सव तथा सामाजिक र लोक कल्याणकारी कार्य संचालनको व्यवस्था मिलाउने।

५. स्वदेश तथा विदेशका तमाम तीर्थयात्रीहरु तथा पर्यटक समेतको सुविधाको लागि यस पवित्र तीर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपलेसुधार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय धार्मिक तीर्थस्थलको रुपमा विकास गर्ने।

६. यस निर्देशिका बमोजिमका उद्देश्य अनुरुप यस कार्यहरु सुव्यवस्थित रुपले गर्ने।

**१८. शम्भुनाथ क्षेत्र विकास कोष संचालक समितिको गठन :** (१) कोषको सम्पूर्ण कामकारवाहीको संचालन तथा रेखदेख व्यवस्थापन समिति स्वयंले आफै गर्नेछ।

**१९.समितिको काम, कर्तव्य र अधिकार :**(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. यस निर्देशिका बमोजिम कोषको उद्देश्य पूरा गर्न अनवरत रुपमा प्रयत्नशील रहने ।
२. कोषको संरक्षकबाट समय समयमा हुने मार्गदर्शनको पालना गर्ने, गराउने ।
३. शम्भुनाथ क्षेत्र विकास कोषको गूरुयोजना र वार्षिक योजना तथा तदनुरुपका कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने ।
४. शम्भुनाथ बाबा मन्दिर लगायत यस क्षेत्रभित्र रहेका मन्दिरहरुमा पूजाआजा, पर्व,उत्सव लगायतका परम्परादेखि चलि आएका सबै किसिमका धार्मिक कार्यहरु र सो क्षेत्रमा परम्परागत रितिस्थितिका अन्य कार्य संचालनको व्यवस्था गर्ने गराउने ।
५. आवादी, नम्बरी जग्गा वाहेक यस क्षेत्रभित्र रहेका जग्गा जमिनको आवश्यक नीति निर्धारण गर्ने तथा आवश्यक निर्देशन दिने ।
६. शम्भुनाथ क्षेत्रको विकास तथा धार्मिक रितिथिति बमोजिम कार्य संचालन गर्ने सम्बन्धमा समय, समयमा अध्ययन अनुसन्धान कार्यशाला गोष्ठी आदिको आयोजना गर्ने/गराउने ।
७. शम्भुनाथ मन्दिर र शम्भुनाथ मन्दिर क्षेत्रभित्र रहेका यससँग सम्बन्धित सबै प्रकारका घर, जग्गा, मठ मन्दिर, देवालय, सत्तल, पाटी, पौवा समेतको संरक्षणको व्यवस्था मिलाउने ।
८. शम्भुनाथ बाबा क्षेत्रभित्रको मठ, मन्दिर, सत्तल, पाटी, पौवा ढुङ्गेधारा, पानीको मुहान, वगैचार शम्भुनाथ मन्दिर क्षेत्रभित्र रहेका सबै देवदेवीसँग सम्बन्धित सबै किसिमका क्षेत्र भित्र र वाहिर रहेका ऐलानी पर्ति जग्गाको क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने ।
९. शम्भुनाथ मन्दिर क्षेत्रको जग्गाको उपभोग र उपभोगको आधारमा समय समयमा ठेक्का, कर, भाडा, जिन्सी वा नगदी महशुल निर्धारण गर्ने ।
१०. योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न चाहिने वित्तीय साधनहरुको आवश्यक व्यवस्था गर्ने ।
११. कोषको उद्देश्य परिपूर्तिका लागि नेपाल राज्यभित्र वा बाहिर आवश्यकता अनुसार विभिन्न समिति तथा उप-समितिहरु गठन गर्ने ।

१२. यस निर्देशिका बमोजिम गठित विभिन्न समिति तथा उप-समितिहरुको निमित्त नीति निर्धारण गरी आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनिहरुको कामको समीक्षा र मुल्याङ्कन गर्ने ।

१३. शम्भुनाथ मन्दिर क्षेत्रको योजना र शम्भुनाथ मन्दिर क्षेत्रभित्र कुनै स्थान विशेषको महत्व,मान्यता र संवेदनशिलता लाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी निषेध तथा नियन्त्रण गर्ने ।

१४. यस निर्देशिका बमोजिम कोषको उद्देश्य पूर्तिको लागि गर्नुपर्ने कार्यहरु सम्बन्धित निकाय र व्यक्तिहरुबाट यथा शीघ्र कार्यान्वयन गर्न लगाउने ।

१५. योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तह तथा जनताको सहभागिता जुटाउने र कार्यान्वयन गरिने योजना र कार्यक्रमबारे जनतामा भ्रम र अन्यौल नहुने गरी जन साधारणलाई समय समयमा सु-सूचित गराउने ।

१६. शम्भुनाथ मन्दिर क्षेत्रको योजनावद्ध रुपमा विकास गर्दा सुव्यवस्थित रुपले निर्माण,मर्मत सम्भार र सरसफाई गरि स्वच्छ वातावरण कायम गर्ने ।

१७. खानेपानी, ढल निकास, विजुली, टेलिफोन, सडक आदि जस्ता आधारभूत सार्वजनिक उपयोगिताका साधनहरु सुव्यवस्थित गर्ने र फोहरमैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने ।

१८. शम्भुनाथ मन्दिर क्षेत्रमा वृक्षारोपण, वन, वगैचा, उद्यान, वन्य जीवजन्तु तथा सम्पदा संरक्षण समेतको व्यवस्था गर्ने ।

१९. शम्भुनाथ मन्दिर क्षेत्रमा प्रदुषण हुन नदिइ स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड बनाई सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी लागू गर्ने ।

२०. शम्भुनाथ मन्दिर क्षेत्र भित्र भुक्षय हुने क्षत्रको आवश्यक मापदण्ड बनाई संरक्षण र सम्वर्धनको व्यवस्था मिलाउने ।

२१. शम्भुनाथ मन्दिर क्षेत्रलाई तीर्थस्थलको रुपमा रक्षा गर्न र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने र जन सहभागिता परिचाल नगर्ने ।

२२. शम्भुनाथ मन्दिर क्षेत्रमा गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानुन बमोजिम घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्य गर्ने ।

२३. शम्भुनाथ मन्दिर र क्षेत्रभित्रका मठ, मन्दिरमा चढाएको दान, भेटी, उपहार तथा नियमित र विशेष पूजाको हिसाब तोकिए बमोजिम पारदर्शी बनाउने र दैनिक रुपमा कोषमा दाखिला गराउने ।

२४. कोषको आम्दानीको तोकिए बमोजिमको हिस्सा, शिक्षा, स्वास्थ्य वातावरण संरक्षण जस्ता सामाजिक विकास निर्माण र कल्याणकारी काममा लगाउने ।

(२) मुल पुजारी र अन्य पूजारीको नियुक्ति : शम्भुनाथ मन्दिरको मुल पुजारी तथा अन्य मन्दिरको पुजारीको नियुक्ती समितिको सिफारीसमा संरक्षकले गर्नेछ ।

**२०. समितिको बैठक :** (१) अध्यक्षको निर्देशन अनुसार सचिवले समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट चुनिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) उपदफा १७(२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको वार्षिक कार्यक्रम वजेट र चौमासिक प्रगति समिक्षा बारे छलफल हुने समितिको बैठकको अध्यक्षता स्वयं अध्यक्षले गर्नुपर्नेछ ।

(३) बैठक बस्ने सुचना गर्दा मनासिव समय तोकी सूचना गर्नु पर्नेछ ।

(४) समितिको बैठक सामन्यता महिनामा एक चोटी बस्नेछ । तर, अध्यक्षबाट निर्देशन भएमा जति पटक पनि बस्न सक्नेछ ।

(५) सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(६) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. कार्य संचालन विधि :** समिति तथा यस निर्देशिका बमोजिम गठित विभिन्न समिति एवं उप समितिहरुको आन्तरिक कार्य संचालन विधि समितिले आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२२. समितिको स्वीकृति लिनुपर्ने :**(१) कोषको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजना तथा कार्यक्रमहरु आवश्यकता अनुसार कार्यान्वयन गर्न प्रचलित कानूनमा जुनसुकै लेखिएको भएतापनि शम्भुनाथ मन्दिर क्षेत्र भित्र समितिले निषेध गरेको ठाउँमा समितिको सहमति र सम्बन्धित निकायको स्वीकृति बिना कसैले आफ्नो हकभोगको जग्गा कुनै प्रकारले हक हस्तान्तरण गर्न र निर्माण सम्बन्धी कुनै कार्य गर्न हुदैन । यसरी समितिले निषेध गरेको स्थान बाहेक अन्य ठाउँमा निर्माण सम्बन्धी कार्य गर्दा समितिले समय समयमा निर्धारण गरिदिएको मापदण्ड बमोजिम मात्र गर्नु पर्नेछ ।

(२) उपदफा २०(१) बमोजिम समितिले मापदण्ड निर्धारण गर्दा भवन, सडक/बाटो,पूल, पानी, ढल निकास, शौचालय तथा टेलिफोन लाइन, खम्बा र अन्य आधारभूत सार्वजनिक उपयोगिताको विषयहरुमा समेत सम्बन्धित निकायद्धारा स्वीकृति लिई मापदण्ड निर्धारण गरी लागू गर्न सक्नेछ ।

(३) उपदफा १३ (१) र १३(२) बमोजिम समितिले मापदण्ड निर्धारण गरी छुटयाई दिएको स्थानहरुमा समितिको पूर्व सहमति र सम्बन्धित निकायको स्वीकृति विना कसैले आफ्नो हकभोगको जग्गामा पनि नयाँ संरचना, पुनःसंरचना, साविक आकार र शैलीमा परिवर्तन, थपघट, मर्मत वा अन्य निर्माण सम्बन्धी कार्य गर्न पाउने छैन ।

(४) निर्माण सम्बन्धी विषयमा नक्सा सहित र रहित स्वीकृति दिने वा नक्सा पासगर्ने दायित्व भएका वा नभएका नगरपालिकाको योजना कार्यान्वयन समिति वा अन्य निकायहरुले समितिको पूर्व सहमति र सम्बन्धित निकायको पूर्व स्वीकृति बिना निर्माण सम्बन्धि कुनै कार्य गर्न पाइने छैन ।

(५) यसरी पूर्व सहमति र समन्वय नगरी वा सम्बन्धित निकायको स्वीकृति नलिई कुनै प्रकारको निर्माण कार्य तथा अन्य कार्य गरेमा सो कार्य बदर गरी प्रचलित कानून बमोजिम सजाय, दण्ड, जरिवाना गर्न सक्नेछ । त्यस्तो विना स्वीकृति निर्माण गरिएको संरचना भत्काइने छ । भत्काउदा हुन आएको खर्च समेत समितिले सम्बन्धित व्यक्ति वा निकायसँग असुल उपर गरी लिन सक्नेछ ।

(६) उपदफा १३(५) बमोजिम निर्माण सम्बन्धि अनधिकृत कार्यहरु रोक्ने भत्काउने वा सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले यस्तो आदेश सुनेको वा पाएको मितिले ३५ दिन भित्र सम्बन्धित निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ । तत्सम्बन्धमा सम्बन्धित निकायले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) शम्भुनाथ मन्दिर क्षेत्रभित्र सवारी साधनको आवागमन गर्न, पार्किङ गर्न, चलचित्र खिच्न,फोटो खिच्न, पोष्टर, तस्वीर र होर्डिङ्ग बोर्ड राख्न, कुनै किसिमको भेला वा अन्य प्रचार प्रसार गर्न समितिको सहमति र सम्बन्धित निकायको स्वीकृति लिनु पर्ने गरी समितिले व्यवस्था, नियन्त्रण र निषेध गर्न सक्नेछ । तर परम्परागत नाचगान, चाडपर्व मनाउन कुनै पनि समितिको स्वीकृति लिन पर्नेछैन ।

(८) निर्माण सम्बन्धी कार्यको स्वीकृति दिने सम्बन्धमा सम्बन्धित निकायले निर्धारण गरिदिएको मापदण्ड, नीति, निर्देशन, विपरित स्वीकृति दिएमा स्वीकृति दिने विकास योजना कार्यान्वयन समितिका सम्बन्धित व्यक्तिलाई सजाय हुनेछ ।

(९) माथिका उपदफाहरु बमोजिम समितिले गर्नुपर्ने कार्य नगरेमा शम्भुनाथ नगरपालिका कार्यपालिकाले आवश्यक कार्य गर्ने गराउने छ । तर समितिले चाहेमा जुनसुकै बखत आफै वा अन्य निकायबाट गर्न गराउन सक्नेछ ।

(१०)शगम्भुनाथ मन्दिर क्षेत्रभित्रका विभिन्न सरकारी वा सार्वजनिक जग्गाहरुको सन्दर्भमा प्रचलित कानुनद्धारा प्राप्त अधिकार बमोजिम हक हस्तान्तरण गर्न वा परिवर्तन गर्न वा अन्य कुनै पनि किसिमबाट कसैलाई भोग चलन गर्ने गरी दिनु भन्दा अघि समिति मार्फत नगर कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद –७

## विविध

**२३. मन्दिरको पूजाआजा र मन्दिर रेखदेख सम्बन्धी व्यवस्था :** (१)शम्भुनाथ मन्दिरको रेखदेख गर्ने कर्तव्य समितिको हुनेछ र शम्भुनाथ मन्दिरको विभिन्न पूजाआजा चलाउने कर्तव्य मुल पुजारीको हुनेछ ।

(२) उपदफा २१(१) मा लेखिएदेखि बाहेक शम्भुनाथ मन्दिरकोमुल पुजारीको तालुकमा रहेका सबै काम कुरा समिति अन्तर्गत रहनेछ र त्यसको संचालन, असूल, तहसिलको रेखदेख र नियन्त्रण तथा

व्यक्ति विशेषबाट मन्दिरमा गरिने पूजाआजा, दक्षिणा, भेटी दस्तूर तथा शम्भुनाथ मन्दिर क्षेत्र भित्र गरिने विभिन्न कामको लागि हुने खर्च सम्वन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

(३) भक्तजन तथा चन्दादातालाई गर्नुपर्ने आवश्यक सम्मान गर्ने सामाग्रीहरु (सम्मान–पत्र, शिलालेख, दोसल्ला) लगायतका सामग्रीहरु व्यवस्थापन समितिको निर्णय बमोजिम नगरपालिकामा स्थापना गरिएको कोषबाट भुक्तानी गर्नुपर्नेछ ।

(४) कारणबश कोषमा भएको आम्दानीले समितिले व्यवस्थापन गर्नुपर्ने कार्य सम्पन्न गर्न नपुग हुने भएमा समितिले थप कार्ययोजना निर्माण गरी निर्णय गराइ नगरपालिकामा प्रस्ताव पेश गरी व्यवस्थापन खर्च व्यवस्थित गरिनेछ ।

**२४. सरसफाई सम्बन्धि व्यवस्था :** (१) मन्दिरको सरसफाईको लागि सरसफाईकर्मीले दैनिक २ पटक गर्नुपर्ने छ ।

(२) दैनिक २ पटक देखि बाहेक पनि मन्दिर परिसर भित्र फोहोर भएको खण्डमा सरसफाई गर्नुपर्ने छ ।

**२५. कोष तथा खाता :**(१) कोषका निमित्त नेपाल अधिराज्य भित्र वा वाहिर कुनै पनि क्षेत्र, संस्था वा व्यक्तिबाट चन्दा उपलब्ध गर्न वा गराउन सक्नेछ । यस्तो कार्यमा समिति आफैले वा यस कार्यविधि बमोजिम गठित विभिन्न समिति वा उपसमिति वा अन्य कुनै निकाय वा व्यक्तिहरु सम्पर्क राखी चन्दा प्राप्त गर्न गराउन सक्नेछ ।

(२) चन्दा प्राप्त गर्ने सम्बन्धी अन्य आवश्यक कुराहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कोषमा देहायका रकमहरु रहनेछन :

१. नेपाल सरकार र प्रदेश सरकारले शम्भुनाथ क्षेत्रका विकासका निमित्त प्रदान गरेको रकम,

२. नेपाल अधिराज्य भित्र वा बाहिरका संस्था वा व्यक्तिले कोषको निमित्त प्रदान गरेको रकम,

३. शभुनाथ र शम्भुनाथ क्षेत्रसँग सम्वन्धित सबै प्रकारका संस्था र जग्गाको आयस्थाबाट प्राप्त हुने रकम,

४. शम्भुनाथ क्षेत्रभित्रका विभिन्न मन्दिर, थानहरुबाट प्राप्त हुने दक्षिणा र भेटीरकम,

५. कोषले अधिकतम आयस्ता र सुरक्षा हुनेगरी लगानी गरी आर्जन गरेकोरकम,

६. कोषले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको शुल्क वा रकम ।

७. कोष संचालनको सुविधाको निमित्त कोषले नेपाल अधिराज्य भित्रका वा वाहिरका बैंकहरुमा कुनै पनि मुद्रामा खाता खोली रकम जम्मा गरी खाता संचालन गर्न सक्नेछ ।

८. कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च दुईवटा कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ ।

(४) कोषको खाता सञ्चालन यस निर्देशिका बमोजिम हुनेछ ।

**२६. लेखा र लेखा परीक्षण :**(१) कोषको आय व्ययको लेखा तोकिए बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखा परीक्षण न.पा अन्तर्गत आ.ले.प शाखाबाट आ.ले.प गराई दर्तावाला लेखापरीक्षकबाट हुनेछ ।

(३) नगरपालिकाले आवश्यक ठानेमा कोषको हिसाब किताब सम्बन्धी कागजात रअरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

(४)शम्भुनाथ नगरपालिकाले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

**२७. अधिकार प्रत्यायोजन :**(१) समितिले आफ्नो अधिकार आवश्यकता अनुसार समितिका सदस्य वा यस निर्देशिका बमोजिम गठित समिति वा उपसमितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१)क. स्वीकृति लिनुपर्नेः कुनै सरकारी वा गैह्र सरकारी निकायले प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार शम्भुनाथ क्षेत्रभित्र प्रयोग गर्नु अघि समितिको पूर्वसहमति र नगरपालिकाको स्वीकृति लिनुपर्नेछ । यसरी समितिको पूर्व सहमति वा नगरपालिकाको स्वीकृति नलिई शम्भुनाथ मन्दिर क्षेत्रभित्र कुनै काम गरेमा त्यस्तो काम कारवाही वदर हुनेछ ।

**२८. निर्देशिका, मापदण्ड बनाउने अधिकार :** (१) यस निर्देशिकाको उद्देश्य पूर्तिको लागि समितिले देहायका विषयमा निर्देशिका एवं मापदण्ड बनाउन सक्नेछ र यसरी बनाएको निर्देशिका नगरपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

१. समितिले गर्नुपर्ने प्रशासकीय कामको सम्बन्धमा,

२. समितिले गर्नुपर्ने आर्थिक कामको सम्बन्धमा,

३. समितिका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाको सम्बन्धमा,

४. शम्भुनाथ मन्दिर कोषकोकाम कारवाही सम्बन्धमा,

५. शम्भुनाथ मन्दिर क्षेत्रभित्रका परम्परागत धार्मिक रितिस्थिति बमोजिम पुजाआजा संचालन गर्ने सम्बन्धमा,

६. शम्भुनाथ क्षेत्रभित्रको विकास निर्माण कार्य सम्बन्धमा,

७. शम्भुनाथ क्षेत्रभित्रको अन्य आम्दानीको सम्बन्धमा,

८. शम्भुनाथ क्षेत्रभित्रको अन्य धार्मिक स्थलको संचालन सम्बन्धमा,

९. अन्य आवश्यक बिषय ।

**२९. आचारसंहिता बनाई लागू गर्ने :**समितिले शम्भुनाथ मन्दिरको पुजाआजामा संलग्न हुने मुल पुजारी, सहायक पुजारी र अन्य सहयोगी कर्मचारी र कामदारहरुको आचार संहिता तयार गर्नुपर्नेछ र त्यस्तो आचार संहिता नगरपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**३०. नेपाल सरकार संघ र प्रदेशसँग सम्पर्क :** समितिले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा नगरपालिका मार्फत राख्नु पर्नेछ ।

**३१. सुविधा :**(१) कोषको पुँजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको कर वा दस्तुर वा महशुल लगाइने छैन । तर, कोषको दैनिक कार्य गर्न चाहिने वस्तुहरु स्थानीय बजारबाट खरिद गर्दा त्यसको मुल्यमा समावेश भएका भन्सार महशुल, विक्रिकर, अन्तःशुल्क आदि कर, दस्तुर वा महशुलको छुट दिइने छैन ।

(२) कुनै सेवा वापत लाग्ने शुल्क महशुल कोषले बुझाउनेछ ।

(३) कोषको नाममा दर्ता भएको जग्गामा भुमि सम्बन्धि ऐन, २०२१ वा अन्य कानुन बमोजिमको हदवन्दी सम्बन्धी व्यवस्था लागुहुनेछैन।

**३२. परामर्श, निर्माण कार्य तथा खरिद प्रक्रिया सम्बन्धी व्यवस्था :** (१) पुरातत्व विभाग र गुठी संस्थानको कार्य क्षेत्रमा पर्ने विषय वा संरक्षित क्षेत्रभित्र निजी हकभोगको जग्गामा बनाइने घर वा भवनको शैली वा मापदण्डका सम्बन्धमा वा मठ मन्दिरहरूको जिर्णोद्धार वा रङ्गरोगन गर्ने विषयमा आवश्यकता अनुसार पुरातत्व विभाग र गुठी संस्थानसँग परामर्श गरेर गर्नु पर्नेछ।

(२) नगरपालिकाले यस शम्भुनाथ बाबा क्षेत्र भित्र शम्भुनाथ मन्दिरको जग्गामा केहि निर्माण कार्य बनाउन चाहेमा व्यवस्थापन समिति संग सहकार्य गरि गर्न सक्नेछ।

(३) शम्भुनाथ मन्दिरलाइ जरुरत सामाग्री हरु शम्भुनाथ मन्दिर व्यवस्थापन समितिले खरिद गर्दा शम्भुनाथ मन्दिर व्यवस्थापन समितिले रु ५०,००० भन्दा बढी को सामाग्रीहरु खरिद गर्नु परेमा सामाग्री हरुको विवरण खुलाई, बोलपत्र द्वारा खरिद गर्न सकिनेछ।

(४) ५०,००० भन्दा कम मूल्य बराबरको सामाग्री खरिद गर्नु परेमा व्यवस्थापन समितिले बैठक बसी निर्णय गरि खरिद गर्न सक्नेछन।

(५) मन्दिरलाइ चाहिने साना साना सामग्रीहरु महिनामा बढीमा रु १००० सम्म मुल पुजारीले खर्च गर्न सक्नेछन तर खर्च बमोजिमको बिल समिति समक्ष पेश गर्नुपर्नेछ।

**३३. संरक्षण क्षेत्र :** (१)शम्भुनाथ मन्दिरको क्षेत्राधिकार भित्र पर्ने मन्दिरको जग्गा तथा पोखरीहरुलाई संरक्षण गर्न जरुरि रहेको देखिन्छ।

(२) सदगुरु कविर आश्रमलाइ पनि व्यवस्थापन समितिले निर्माण गर्नको लागि प्रयत्न गर्नु पर्ने देखिन्छ।

(३) शम्भुनाथ मन्दिर क्षेत्रभित्र पर्ने शम्भुनाथ मन्दिरको जग्गालाइ संरक्षण गर्न जरुरि छ।

(४) शम्भुनाथ मन्दिरको करिब ३ बिघा जग्गालाई संरक्षण गरि वाल लगाउन जरुरि छ।

(५) शम्भुनाथ मन्दिर क्षेत्र भित्र रहेको विभिन्न जातजातिको मन्दिरलाइ पनि शम्भुनाथ मन्दिर व्यवस्थापन समितिले समेटेर आगाडी लानु पर्ने देखिन्छ।

**३४. बचाउ तथा वाधा अडकाउ फुकाउने अधिकार :**(१) प्रचलित कानुनमा जुनसुकै लेखिएको भएता पनि यस निर्देशिकामा उल्लेखित विषयहरु सम्बन्धमा यसै निर्देशिका बमोजिम हुनेछ।

(२) यो निर्देशिका कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा सो वाधा अडकाउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(३) यो निर्देशिका लागु हुनुपुर्व प्रचलित कानून बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै बमोजिम भएको मानिनेछ ।

(४) यो निर्देशिकामा उल्लेखित कुनै प्रावधान अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

**३५. निर्देशिका संशोधन सम्बन्धी व्यवस्था :** नगरपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**३६. आदेश वा निर्देशन दिनसक्ने :** नगरपालिकाले समितिको काम कारबाहीको आवश्यक जाँच बुझ गरी वा समितिको उद्देश्य अनुरूपु काम कारबाही गर्नको लागि समितिलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी नगरपालिकाले दिएको आदेश वा निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**३७. समन्वय सम्बन्धी व्यवस्था :** समितिले शम्भुनाथ क्षेत्रमा व्यवस्थापन तथा विकास सम्बन्धी कार्यहरू गर्दा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका, पुरातत्व विभाग, गुठी संस्थान, अन्य विषय सम्बद्ध निकाय तथा संघ संस्थाका प्रतिनिधि र विशेषज्ञहरू सँग आवश्यकता अनुसार छलफल, अन्तरक्रिया, राय परामर्श प्राप्त गर्न आवश्यक समन्वय गर्न सक्नेछ ।

**३८. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस निर्देशिका बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष वा कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**आज्ञाले**

**बिनय कुमार सोनु**

**प्रमुख प्रशासकीय अधिकृत**

# अवलोकनका तस्विरहरु

















INDIGENOUS THARU MUSEUM
आदिवासी थारु संग्रहालय






शम्भुनाथ धर्मशाला







